कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
१ नं. प्रदेश, नेपाल

## घाटलौरी ठेक्का सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति :२०७६।०७।२६

यस गाउँपालिकाको वडा नं. ५ मा रहेको पाठामारी बजार छेउबाट वारीपारी आउने जाने गरी मेचि नदिमा घाटलौरी (बाँसको पुल र डुङ्गा दुवै) को काम सञ्चालन गर्नु पर्ने भएकोले एक आ.व. मा न्यूनतम ने.रु. ३,००,०००।- मा नघटाई बढाबढका आधारमा ठेक्का लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति/व्यवसायिक फर्महरुले देहायको शर्तको अधिनमा रहि ***मिति २०७६।०८।०९ गते सम्ममा*** कार्यालय समय भित्र कवोल अंक खुलाई ठेक्का पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:-**

१. ठेकदारले घाटलौरी प्रयोग गरे वापत बाँसे पुल प्रयोग गर्दा पैदल यात्रुलाई एकपटक आउन जान ने.रु. ५।- (पाँच), साइकलवालाका लागि आउन जान ने.रु. १०।-(दश), र मोटरसाईकलवालाका लागि आउन जान ने.रु. २०।-(विस) मात्र लिन पाउनेछ ।
२. ठेकदारले डुङ्गा प्रयोग गरे वापत प्रति व्यक्तिका लागि एक पटक आउँदा जाँदा ने.रु. १०।-(दश), साईकल सहितको व्यक्तिलाई एक पटक आउन जान ने.रु. २०।-(विस) र मोटर साईकल सहितको व्यक्तिलाई प्रति पटक ने.रु. ३०।-(तीस) मात्र लिन पाउनेछ ।
३. ठेक्का पेश गर्ने व्यक्ति/व्यवसायिक फर्म झ्याटमा दर्ता भएको भए धरौटी वापत ठेक्का कवोल रकमको पाँच प्रतिशत रकम र एक आ.व. सम्मको वैंक जमानत पत्र र झ्याटमा दर्ता नभएको भए ठेक्का कवोल रकमको पचास प्रतिशत रकम कचनकवल गाउँपालिकाको एन आई सि एसियामा रहेको धरौटी खाता नं. 67CA051019752404 मा जम्मा गर्नु पर्नेछ ।
४. ठेक्का पेश गर्ने व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र कर दर्ता पान नं. अनिवार्य पेश गर्नु पर्नेछ, भने फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र, आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्र, नविकरण गरेको पत्रको प्रमाणित प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।
५. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।
६ ठेक्काको अवधि ०७६।२।१५ देखि ०७७।२।१४ सम्म हुनेछ ।
७. ठेक्काको फर्म यस कार्यालयको लेखा शाखामा रु. १,०००।- (एक हजार मात्र) तिरी (पछि फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ ।
८. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम हुनेछ ।
९. थप जानकारीको लागी यस कार्यालयको प्रशासन शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

Scanned by CamScanner